annapurnapost.com

# अन्नपूर्ण पोस्ट्

वर्ष २४, अंक ३४३, पृष्ठ ८ | काठमाडौं, बुधबार ९ वैशाख २०८३ | वैशाख शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | WEDNESDAY, APRIL 22, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# आन्दोलनले पुगिँदैन कोरिया

दक्षिण कोरियाको आकर्षक श्रम बजारमा नेपाली युवाहरूको आकर्षण उच्च रहे तापनि रोजगार अनुमति प्रणाली (ईपीएस) भाषा र सीप परीक्षा उत्तीर्ण हुनु मात्रै कोरिया यात्राको सुनिश्चितता होइन । पूर्णतः स्वचालित र पारदर्शी ईपीएस प्रणालीमा अन्तिम छनोटको अधिकार कोरियाली रोजगारदाता को हातमा मात्रै रहने भएकाले दबाबमूलक आन्दोलनले रोजगारी दिलाउनुको साटो उल्टै अवसर र प्रणाली नै गुम्ने जोखिम बढाएको छ ।

**शम्भु कट्टेल/**
**हिमनाथ देवकोटा** | *काठमाडौं*

विस्तृत पृष्ठ २



## शान्ति वार्तामा सहभागी हुन इरानले दिएन टुंगो



**इस्लामाबाद** (एजेन्सी): शान्ति वार्ताका लागि इरानको प्रतिनिधिमण्डलको औपचारिक धारणा अझै नआएको पाकिस्तानी अधिकारीले बताएका छन्। पाकिस्तानका सूचना तथा प्रसारणमन्त्री अताउल्लाह तरारले मंगलबार सामाजिक सञ्जालमा लेखेका छन्, 'पाकिस्तानले इस्लामाबादमा शान्ति वार्ताका लागि इरानको प्रतिनिधिमण्डलको औपचारिक स्वीकृतिको प्रतीक्षा गरिरहेको छ।'

तरारले भनेका छन्, 'पाकिस्तानले मध्यस्थकर्ताको रूपमा काम गरिरहेको छ र तेहरानसँग निरन्तर सम्पर्कमा छ। पाकिस्तानले कूटनीति र संवादलाई निरन्तरता दिइरहेको छ।' उनले दुई साताको युद्धविरामको समयसीमा अघि नै वार्तामा भाग लिने इरानको निर्णय हुनु महत्वपूर्ण रहेको बताए।

उनले थपे, 'पाकिस्तानले इरानी नेतृत्वलाई दोस्रो चरणको वार्तामा सामेल हुन मनाउन गम्भीर प्रयास गरेको छ र यी प्रयासहरू जारी छन्।' वार्ताका लागि अमेरिकी प्रतिनिधिमण्डल भने मंगलबार इस्लामावाद आइपुगेको पाकिस्तानी सञ्चारमाध्यमले जनाएका छन्।

प्रतिनिधिसभा नियमावली

# महाभियोग टुंग्याउन समयसीमा तोकियो

**अन्नपूर्ण** | *काठमाडौं*

नयाँ जनमतसहित आएको प्रतिनिधिसभाले केही परिवर्तन गर्दै नियमावली मस्यौदा तयार गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुली नेतृत्वको नियमावली मस्यौदा समितिले मंगलबार सभामुख डोलप्रसाद अर्याललाई नयाँ नियमावलीको मस्यौदासहितको प्रतिवेदन बुझाएको हो।

प्रतिनिधिसभा कार्यसञ्चालन नियमावली २०७९ लाई प्रतिस्थापन गर्ने गरी तयार पारिएको नयाँ मस्यौदाले संसदीय अभ्यासका धेरै पक्षमा महत्त्वपूर्ण हेरफेर गरेको छ। सभापति पराजुलीले संसद्लाई प्रभावकारी बनाउन र सरकारलाई सदनप्रति उत्तरदायी बनाउन नियमावलीमा नै व्यवस्थित गरिएको बताए। 'नियमावलीमार्फत प्रतिनिधिसभालाई जनताको आवाज बनाउन सक्ने थलो बनाउने काम भएको छ,' सभापति पराजुलीले भने।

सदनमा विधेयक प्रस्तुत गर्ने र अध्ययन गर्ने समयमा परिवर्तन गरिएको छ। सांसदहरूलाई नयाँ कानुनको अध्ययनका लागि थप समय उपलब्ध गराउने उद्देश्यले सरकारी विधेयक दर्ता भएको ७ दिनपछि मात्र सभामा पेस गर्न पाउने व्यवस्था गरिएको छ, जुन यसअघि ५ दिनमात्र थियो। निजी विधेयकको हकमा यो समय ९ दिन पुऱ्याइएको छ।

नियमावलीमा विधेयक प्रस्तुत गर्न अनुमति


सङ्घीय संसद्
प्रतिनिधि सभा

प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको
प्रतिवेदन, २०८३

सङ्घीय संसद् सचिवालय
सिंहदरबार, काठमाडौं
Website : www.parliament.gov.np

माग्ने प्रस्तावको विरोध गर्न चाहने सदस्यले अब २ दिन अगावै सूचना दिनुपर्ने व्यवस्था गरिएको छ। सरकारले अबदेखि विधेयक दर्ता गर्दा अनिवार्य रूपमा पुरानो कानुनको व्यवस्था, परिवर्तनको प्रस्ताव र त्यसको स्पष्ट कारण खुलाइएको 'तीन महले' ढाँचामा ल्याउनुपर्ने बाध्यकारी नियम बनाइएको छ।

नयाँ नियमावलीमा महाभियोगको कारबाहीलाई ५ महिनाभित्र अनिवार्य टुंग्याउनुपर्ने व्यवस्था गरेको



नियमावलीमार्फत प्रतिनिधिसभालाई जनताको आवाज बनाउन सक्ने थलो बनाउने काम भएको छ

**गणेश पराजुली**
सभापति, नियमावली मस्यौदा समिति

छ। महाभियोग सिफारिस समितिले आफ्नो काम सुरु गरेको तीन महिनाभित्र प्रतिवेदन बुझाउनुपर्ने र आरोपित व्यक्तिलाई सफाइका लागि ७ दिनको मौका दिनुपर्ने प्रावधान राखिएको छ। यदि प्रतिनिधिसभाको कार्यकाल ५ महिनाभन्दा कम रहेको अवस्थामा महाभियोग दर्ता भएमा, त्यसको बाँकी प्रक्रिया नयाँ निर्वाचनपछि गठन हुने सदनले ६ महिनाभित्र पूरा गरी निर्णय लिनुपर्ने व्यवस्था छ।

विगतमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको महाभियोग प्रस्ताव महिनौंसम्म अनीर्णित बनेको र प्रतिनिधिसभाको कार्यकाल सकिएपछि अलपत्र परेको नजिर छ।

नियमावलीमा सदनभित्र हुने भाषा र आचरणका विषयमा पनि नयाँ नियमावलीले स्पष्ट गरेको छ। पहिलोपटक नियमावलीमै 'असंसदीय शब्द'को विस्तृत परिभाषा समेटिएको छ। नियमावलीको परिभाषामै लेखिएको छ- 'अंससदीय शब्द भन्नाले अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिंगलाई होच्याउने वा अरू कुनै किसिमले असर पर्ने, भेदभाव गर्ने, मर्यादा घटाउने, अप्रमाणित आरोप लगाउने, भौगोलिक भेदभाव झल्कने गरी बोलेको शब्दलाई असंसदीय शब्द सम्झनुपर्छ।'

नियमावलीमा नै पहिलोपटक बैठक कक्षभित्र सांसदहरूले फोटो खिच्न, अडियो र भिडियो रेकर्ड गर्न तथा फोनमा कुरा गर्न पूर्णरूपमा रोक लगाइएको छ। फोन अनिवार्य रूपमा साइलेन्ट अवस्थामा राख्नुपर्ने व्यवस्था गरिएको छ।

नियमावलीमा अपांगता भएका सांसदहरूका लागि यसअघि सहयोगी लैजान पाउने व्यवस्था रहेकोमा अब मर्यादापालकहरूले नै आवश्यक सहयोग गर्ने भन्दै सहयोगी लैजान पाउने अधिकार कटौती गरिएको छ।

» बाँकी पृष्ठ ६

सरकारी विज्ञापनमा विभेद

## पत्रकार महासंघद्वारा आन्दोलन घोषणा




**काठमाडौं** (अन्नपूर्ण): नेपाल पत्रकार महासंघले सरकारले तीनै तहका सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने गरी गरेको निर्णय विभेदकारी भएको भन्दै देशव्यापी आन्दोलन घोषणा गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय र परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, नेपालको संवैधानिक प्रबन्ध, खुला अर्थ नीति र संघीयताको मर्मविपरीत भएको महासंघको ठहर छ। यसअघि सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई निर्णय फिर्ता लिन माग गर्दै ज्ञापनपत्र बुझाउँदा पनि सरकार समस्या समाधानमा उदासीन देखिएपछि महासंघले आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको महासचिव रामप्रसाद दाहालले बताए।

महासंघका अनुसार वैशाख ९ गते महासंघका सबै प्रदेश समितिले मुख्यमन्त्रीसँग छलफल गरी महासंघको धारणा स्पष्ट पार्ने र प्रतिबद्धता लिनेछन्। वैशाख १० गते बिहान १० बजे महासंघका सबै जिल्ला शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने तथा सोही दिन दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी महासंघको अवधारणा सार्वजनिक गरिनेछ।

वैशाख ११ गते सबै सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यबद्धतामार्फत सरकारी निर्णयको विरोध गर्न आह्वान गरिनुका साथै बिहान ८ बजे सामाजिक सञ्जालमार्फत विरोधका सामग्री सार्वजनिक गर्ने कार्यक्रम रहेको छ। वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गर्ने र वैशाख १५ गते नगरपालिका तथा गाउँपालिका महासंघमार्फत स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आह्वान गर्दै ज्ञापनपत्र बुझाउने महासंघले जनाएको छ।

# प्रहरीका 'घुमुवा' प्रहरीलाई नै घाँडो

## मधेस प्रदेशमा १८७ विवादित प्रहरी घुमुवालाई कारबाही

**मनिका झा** | *जनकपुरधाम*

अनुसन्धान प्रक्रियालाई सहज र आपराधिक गतिविधिलाई नियन्त्रण गर्न नेपाल प्रहरीले परिचालन गर्ने सादा पोसाकका प्रहरी 'घुमुवा' हरू अहिले प्रहरी संगठनकै लागि घाँडो बनेका छन्।

संगठनले सूक्ष्म अनुसन्धान र आपराधिक गतिविधिमा विशेष सूचना संकलन गर्न खटाइने सादा पोसाकका प्रहरी 'घुमुवा'हरू तोकेको कामभन्दा गैरकानुनी क्रियाकलापहरूमा बढी सक्रिय भएपछि मधेस प्रदेशका जिल्लाहरूमा आतंक नै फैलिएको छ।

मधेस प्रदेश प्रहरी कार्यालयले अपराधी, तस्कर र बिचौलियासँग साँठगाँठ गरेर विभिन्न गैरकानुनी क्रियाकलापमा संलग्न रहेका विवादित १ सय ८७ जना प्रहरीलाई कारबाही गरी केहीलाई प्रदेश बाहिर त केहीलाई जिम्मेवारीबाट हटाई गण वा अन्यत्र जिल्लाहरूमा पठाएको छ। यसै क्रममा तस्करसँग मिलेर संगठनविपरीतका क्रियाकलाप गरेको आरोपमा वरिष्ठ सई सागरशमशेर जबरालाई समेत निलम्बन गरिएको मधेस प्रदेश प्रहरी कार्यालयका डीआईजी गोविन्द थपलियाले जानकारी गराएका छन्। 'कारबाहीमा परेका सई पहिलेदेखि नै प्रहरीको घुमुवा भएर काम गर्दै आएका थिए। तर, उनको क्रियाकलापहरू राम्रो नरहेको भन्दै म कहाँ थुप्रै उजुरीहरू आएका छन्। अहिले उनी धनुषाका प्रहरी उपरीक्षकको मातहतमा काम गरिराखेका थिए तर, उनले डीआईजीको घुमुवा बन्ने चाहना राखे। मैले यस्तो घुमुवा खटाउने काम गरेकै छैन। त्यसैले उनलाई राख्ने विषयमा खासै चासो लिइन् तर उनले अनावश्यक रूपमा मलाई बद्नाम गर्ने र संगठनलाई नै नराम्रो प्रभाव पर्ने खालको क्रियाकलापहरू गरेपछि अहिले निलम्बन गर्न प्रक्रिया अगाडि बढाएको छु,' डीआईजी थपलिया भन्छन्, 'संगठनलाई



सहज होस् भन्नका लागि राखिएका प्रहरीहरूले नै असहज हुने खालका गतिविधि गरेमा ती सबैले कारबाही भोग्नुपर्छ।'

सई राणाको हालै सार्वजनिक एक अडियोमा उनले कुनै व्यापारीसँग तस्करीका विषयमा र प्रहरीको लेनदेनसँग सम्बन्धित कुराकानीहरू गरेका छन्। जसमा 'घुमुवा'मार्फत डीआईजीले समेत रकम उठाउने गरेको कुराहरू उल्लेख गरिएका छन्।

घुमुवा खटाउँदा सम्बन्धित अधिकारीले त्यसको हरेक गतिविधिको जिम्मेवारी लिनुपर्ने हुन्छ। सई राणालाई घुमुवा खटाउँदै आएका धनुषाका प्रहरी उपरीक्षक रुगमबहादुर कुँवरलाई समेत डीआईजीद्वारा स्पष्टीकरण सोधिएको हो। आइतबार प्रदेश प्रहरी कार्यालयले स्पष्टीकरण सोधेपछि एसपी कुँवर एक्कासि बिरामी भएर कार्यस्थलमै अचेत भएका थिए। उनी स्वास्थ्य उपचार गराउन बिदामा बसेका छन्।

प्रहरी प्रमुखहरूले आफू मातहतमा सादा पोसाकका प्रहरी खटाउने निर्देशिकामा व्यवस्था गरिएको छ। सो निर्देशिकामा कस्ता र के आधारमा सादा पोसाकको प्रहरी खटाउने भन्ने विषयमा समेत उल्लेख गरिएको छ। जसअन्तर्गत संगठन मातहतका कार्यालयहरूमा प्रमुखले आफूभन्दा तल्लो दर्जाका कर्मचारीहरूलाई 'घुमुवा' खटाउँदै आएका छन्। यस्ता सादा पोसाकका प्रहरीहरूलाई 'सुराकी' भन्ने चलन पनि छ। विशेषगरी डीआईजी र एसपीहरूले 'घुमुवा' राख्ने गर्दछन्। तर, मधेस प्रदेशमा हरेक दर्जाका प्रहरी कर्मचारीले आफूभन्दा तलका कर्मचारीहरूलाई घुमुवा राख्ने गरेका छन् भने 'घुमुवा' प्रहरीलेसमेत आफूभन्दा तल सर्वसाधारण नागरिकलाई 'घुमुवा' बनाएर प्रयोग गर्ने गरेको प्रहरी स्रोतले नै जनाएको छ।

यसरी खटाइएका 'घुमुवा' प्रहरीहरूको काम समाजमा घुलमिल भएर गोप्य सूचनाहरू बाहिर निकाल्ने र अनुसन्धानमा सहजता ल्याउनु हो तर 'घुमुवा'हरू तस्कर, व्यापारी र आपराधिक गतिविधिमा लागेका व्यक्तिहरूसँग तालमेल गरेर त्यहाँबाट अवैध रकम उठाई प्रहरी प्रमुखहरूसँग 'सेटिङ' मिलाउने काममा बढी संलग्न हुँदै आएका छन्।

मधेस प्रदेशका आठै जिल्लामा दुई सयभन्दा बढी प्रहरी घुमुवाहरू खटाइए पनि हाल अधिकांश कारबाहीमा परेका छन् भने अहिले ५० जना जति काममा रहेका डीआईजी थपलियाले बताए।